| नीति नं. | १ |
|---|---|

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८

| गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति | २०७८/१२/२४ |
|---|---|

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

## विषय सूची

**परिच्छेद १. पृष्ठभूमि तथा बिद्यमान अवस्था तथा संक्षिप्त नाम र प्रारम्भ**

१.१. पृष्ठभूमि :

१. २.. माण्डबी गाउँपालिकाको संक्षिप्त परिचय

१.३. संक्षिप्त नाम र परिभाषा

**परिच्छेद २ गाउँपालिकाको बिद्यमान सवल पक्षहरु, कमजोरवा सुधार गर्नुपर्ने पक्षहरु, अवसरहरु र चुनौती साथै लैससास नीतिको औचित्यता**

२.१. गाउँपालिकाका सवल पक्षहरु

२.२.गाउँपालिका कमजोर वा सुधार गर्नुपर्ने पक्षहरु

२.३. लैससासमैत्री शासन प्रणाली अवलम्वनका अवसरहरु

.२.४. बिद्यमान चुनौतीहरु

.२.५.. लैससास नीतिको औचित्यता :

**परिच्छेद ३. लैससास नीतिको दिर्घकालिन सोच तथा लक्ष्य, उद्देश्य र मुल्य मान्यताहरु**

३.१. लैससास नीतिको दीर्घकालिन सोच

३.२. लैससास नीतिको लक्ष्य

३.३. लैससास नीतिको प्रमुख उद्देश्यहरु

३.४. लैससास नीतिको मुल्य मान्यताहरु

**परिच्छेद ४ लैससास सम्बन्धी प्रमुख नीति, रणनीति र कार्यनीति**

४.१. प्रमुख नीतिहरु

४.२. रणनीति तथा कार्यनीति

**परिच्छेद ५ लैससास नीति कार्यान्वयन पद्दती र अनुगमन प्रणाली**

५.१. लैससास नीतिको कार्यान्वयन पद्दती

- ५.१.१. लैससास नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन
- ५.१.२. कार्य भूमिका निर्धारण
- ५.१.३. सस्थागत संयन्त्र र जनशक्तिको क्षमता विकास
- ५.१.४. सरोकारवाला बिच समन्वय तथा साझेदारी

५.२. अनुगमन प्रणाली

**परिच्छेद ६ नीति कार्यान्वयन सम्बन्धमा सम्भावित जोखिम तथा समाधानका उपायहरु**

**परिच्छेद ७ कानुनी व्यवस्था तथा पुनरावलोकन**

७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

७.२. नीतिको पुनरावलोकन तथा सुधार

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८

**प्रमाणिकरण मिति : २०७८।१२।२४**

## परिच्छेद १ लैससास नीतिको पृष्ठभूमि तथा बिद्यमान अवस्था र औचित्यता

### १.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक समानता र सामाजिक समाबेशीकरण सुनिश्चित गर्ने संकल्प गरेको छ । त्यसैगरी संविधानमा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक, धारा ४२ ले सामाजिक न्यायको हक लगायतका अधिकारको ब्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारहरुलाई स्वायत्त निकायको रुपमा कार्य गर्न अधिकार क्षेत्र निर्धारण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगत रुपमा मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ ।

नेपाल सरकारबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी बिभिन्न अन्तर्राष्ट्रिय सन्धी महासन्धीहरुको अनुमोदन गरी पक्ष राष्ट्र भएकोले राष्ट्रिय कानुन बनाई लागु गर्न प्रतिबद्धता जनाएको छ । दिगो विकास लक्ष्य सन् २०३० को लक्ष्य नं ५ ले लैङ्गिक समानताको बिषय उल्लेख गरेको छ भने लक्ष्य नं १६ ले दीगो बिकासको लागि शान्तिपुर्ण, समावेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने तथा सबै तहमा प्रभावकारी, जवाफदेहि र समावेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । त्यसैगरी सन १९९५ को बेइजिङ घोषणापत्रमा महिलाका १२ वटा सरोकारका विषय उल्लेख गरिएको छ । महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सम्बन्धी ब्यवस्था गरेको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नम्वर १३२५ र १८२० ले शान्ति स्थापनामा महिलाको सहभागिता र सशस्त्र द्वन्द्व वा युद्धको समयामा महिला माथि हुने यौनजन्य हिंसा बिरुद्ध न्यायको ब्यवस्था गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बाल अधिकारका बिषयहरु उल्लेख गरेको छ ।

माथि उल्लेखित राष्ट्रिय नीति तथा कानुन र अन्तर्राष्ट्रिय प्रावधानहरुले मार्गानिर्देश गरे बमोजिम नेपाल सरकारबाट राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ र सामाजिक समावेशीकरण नीति २०७८ नमुना जारी गरी लागु गरिएको छ । नेपाल सरकारबाट जारी गरिएका राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिबद्धताहरुको स्थानीयकरण गर्ने सन्दर्भमा माण्डबी गाउँपालिकाले २०७८ सालको बार्षिक नीति तथा कार्यक्रममा लैङ्गिक

समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गर्ने बिषय समावेश गरी लैससास नीति जारी गरेको हो ।

जनतासंग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्दै लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित बितरण गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा आधारित समाज निर्माण, कानुनी राज्य, दीगो विकास र आर्थिक समृद्धिको अवधारणालाई स्थानीय तहदेखि नै सुदृढ गर्न स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहन्छ । लैससास नीतिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री शासन व्यवस्था अवलम्वन गर्न नीतिगत रुपमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ । लैससास नीतिको प्रभावकारी कार्यान्वयनबाट समाजमा व्याप्त लैङ्गिक बिभेद, जातीय बिभेद, सामाजिक उत्पीडन तथा बञ्चितिकरण, गरिवी, लैङ्गिक हिंसा, घरेलु हिंसा, यौन दुर्व्यवहार एवं यौन शोषण, बाल बिबाह, बाल हिंसा तथा बाल शोषण आदि विसंगती तथा हानीकारक गलत सामाजिक अभ्यासहरुलाई निरुत्साहित गरी लैससासमैत्री विकास प्रणालीलाई संस्थागत गर्न मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ ।

## १.२ माण्डबी गाउँपालिकाको परिचय :

लुम्बिनी प्रदेशमा रहेको प्यूठान जिल्लाको ९ वटा स्थानीय तहहरु मध्ये माण्डबी गाउँपालिका एक हो । माण्डवी गाउँपालिका भौगोलिक हिसाबले ८२०४१'३०" देखि ८२०५०'३०" र पूर्व देशान्तरसम्म २७०५९'३०" देखि २८०६'३०" उत्तरी अक्षांशमा अवस्थित छ । ११३.०८ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस माण्डवी गाउँपालिकाको उत्तरमा स्वर्गद्वारी र प्यूठान नगरपालिका पश्चिमतर्फ दाङ जिल्ला, दक्षिणमा सरुमारानी गाउँपालिका र पूर्वमा ऐरावती र मल्लरानी गाउँपालिका रहेका छन् । नेपाल सरकारको निर्णयअनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु तिराम (१-४), मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोट गाविसहरु समेटेर ५ वडाहरुमा बिभाजन गरि माण्डवी गाउँपालिका घोषणा गरिएको थियो ।
शैक्षिक हिसावमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ५ वटा मा.वि, ५ वटा आ.वि नि.मा.वि र १६ वटा प्रा.वि गरी जम्मा २६ वटा शिक्षण संस्थाहरु संचालित छन् ।
राष्ट्रिय जनगणना, २०६८ अनुसार माण्डवी गाउँपालिकाको जनसंख्या १५,०५८ रहेको छ जस मध्ये पुरुष ४३.६८ प्रतिशत (६,५७७ जना) र महिला ५६.३२ प्रतिशत (८,४८१ जना) रहेका छन् । सोही अनुसार लैङ्गिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७७.५५ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १३३ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४८.८८ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४४.१५ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ६.९७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार माण्डवी गाउँपालिकामा ३,०६८ घरपरिवार रहेका छन् । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गा.पा.को कुल जनसंख्या मध्ये २.१६ प्रतिशत (३२५ जना) अपाङ्गता भएकाहरू रहेका छन् । जसमध्ये १५९ जना पुरुष र १६६ जना महिला छन् । हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.९१ जना सदस्य रहेको देखिन्छ ।
समग्रमा यस माण्डवी गाउँपालिका क्षेत्रमा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा

व्यावसायीकरणको अभिवृद्धि, प्रविधि प्रवर्धनको साथै आवश्यक, मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ । देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ ।

### १.३. संक्षिप्त नाम र परिभाषा

**१.३.१. संक्षिप्त नाम : यस** नीतिको नाम माण्डवी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ रहनेछ । यो नीति गाउँपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**१.३.२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा

**गा.पा.भन्नाले** : गाउँपालिका

**लैससास** भन्नाले : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**CEDAW** भन्नाले (Convention on the Elimination of All Forms of Discrimination Against Women) महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघ महासभाले पारित गरेको हो र नेपालले २२ अप्रिल १९९१ मा कुनै शर्त विना अनुमोदन गरेको छ ।

**CRC** भन्नाले: बाल अधिकार महासन्धी (Child Rights Convention) संयुक्त राष्ट्रसंघ महासभावाट सन १९८९ नोभम्वर २० मा पारित र नेपालले १४ सेप्टेम्वर सन १९९० मा अनुमोदन गरेको ।

**BPFA** भन्नाले बेइजिङ कार्ययोजना (Beijiing Platform for Action) सन १९९५ मा सम्पन्न बेइजिङ्ग सम्मेलनले महिला सरोकारका १२ वटा मूख्य विषयहरु छनोट गरेको थियो ।

**लैङ्गिकता (Gender)** भन्नालेः कुनै पनि मानिस लिङ्गको आधारमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्प संख्यक भएका कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

**लैंङ्गिक मूलप्रवाहीकरण** (Gender Mainstreaming) भन्नालेः गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम, बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

**लैङ्गिक समानता** (Gender Equality) भन्नालेः समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

**सामाजिक समावेशीकारण** (Social Inclusion) : समाजमा पछाडी परेका वा पारिएका लिङ्ग, वर्ग, जात, समुदाय लगायत वञ्चित वर्गलाई मूलप्रवाहमा ल्याउनको लागि देखापर्ने वाधा अवरोधहरू हटाई उनीहरूलाई विकासका अवसरहरूमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नु हो ।

**सामाजिक बञ्चितिकरण** (Social Exclusion) भन्नालेः लैङ्गिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**लैंङ्गिक संवेदनशिल** (Gender Sensetive) भन्नालेः सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

**लैङ्गिकमैत्री** (Gender Friendly) भन्नाले : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

## परिच्छेद २ माण्डबी गाउँपालिकाको सवल पक्ष, कमजोर वा सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु (SWOT Analysis) विश्लेषण

### २.१. माण्डवी गाउँपालिकाको स्थिति विश्लेषण :

माण्डबी गाउँपालिका आर्थिक तथा प्राकृतिक सम्पदाको हिसावले प्रशस्त सम्भावना बोकेको भएतापनी गाउँपालिकामा अपेक्षाकृत आर्थिक सामाजिक बिकास हुन सकेको छैन । यस गाउँपालिकाका बासीन्दाहरुको प्रमुख पेशा कृषि भए पनि कृषिमा उत्साहजनक आकर्षणको कमी र परम्परागत कृषि प्रणालीमा निर्भर हुनु परेकोले कृषि पेशा नै जिविकोपार्जनको प्रमुख स्रोत बन्न सकिरेहको छैन । यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहे पनि कृषि पेशाबाट मात्र जिविकोपार्जन गर्न नसक्ने अवस्थाले गर्दा मौषमी रोजगारीको रुपमा भारत जाने वा तेस्रो मुलुकमा बैदेशिक रोजगारीकालागी जानेहरुको संख्या पनि बढ्दो क्रममा  छ ।

जनजाती र दलितको बाहुल्यता रहेको यस गाउँपालिकामा लक्षीत समुदायका अधिकांश व्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जीवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । लैङ्गिक बिभेद, सामाजिक असमानता तथा छुवाछुत, लैङ्गिक र  घरेलु हिंसा, बाल बिबाह, बहु बिबाह, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यासहरु कायमै छन् । पितृसतात्मक सामाजिक सोचका कारण लैङ्गिक तथा सामाजिक बिभेदको न्यूनिकरण चुनौतीको बिषय बनेको छ । आर्थिक, सामाजिक र राजनैतिक हिसावले पछाडी परेका बर्ग समुदायलाई बिकासको मूल प्रवाहमा ल्याउन लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री बिकास प्रणालीको अवलम्बन जरुरी देखिन्छ । यस गाउँपालिकालाई लैससासमैत्री बनाउनका लागि बर्तमान सवल पक्षहरु लगायत कमजोर तथा सुधारगर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण गरी लैससास नीतिमा सम्बोधन गर्नुपर्ने तथ्यगत बिषयहरु समावेश गरिएको छ ।

### २.१.१. माण्डवी गाउँपालिको लैससास क्षेत्रमा सवल पक्षहरु :

क) गाउँपालिकाको वार्षिक योजनामा लक्षीत बर्ग समुदायका लागि बजेट बिनियोजन गर्ने गरेको छ ।

ख) लैङ्गिक हिंसा निवारण कोष खडा गरिएको र कोष परिचालन कार्यबिधि २०७७ निर्माण गरी लागु गरिएको छ । साथै हिंसा पिडीत महिला तथा किशोरी र बालिकाहरुका लागि सुरक्षित आवास गृह संचालन कार्यविधि २०७७ निर्माण गरी संचालनमा रहेको छ ।

ग) अपांगता भएका व्यक्तिहरुको परिचय पत्र बितरण कार्यबिधि २०७६ निर्माण गरी लागु गरिएको छ ।

घ) वडा तथा पालिकास्तरमा महिला, दलित, बालबालिका, ज्येष्ठ नागरीक लगायतका लक्षित समूहको संजाल निर्माण गरी परिचालन गरिएको छ ।

ङ) सुत्केरी महिलाहरुका लागि निशुल्क एम्बुलेन्स सेवा निरन्तर रुपमा संचालन गरिएको छ ।

च) बिपन्न परिवारहरुलाई निशुल्क रुपमा बिजुलीको मिटर बक्स, तार र एमसिबि बितरण गरि उज्यालो माण्डबी अभियान संचालन गरिएको छ ।

छ) शिक्षा क्षेत्रमा सुदृढिकरणका लागि गाउँपालिकाको अनुदानमा शिक्षक कोटा बितरण गरिएको ।

ज) ज्येष्ठ नागरिकहरुका लागि मिलन केन्द्र निर्माण गरिएको छ ।

झ) नयाँ निर्माण भएका संरचनाहरु लैङ्गिकमैत्री, अपांगमैत्री र बालमैत्री छन ।

ञ) उपभोक्ता समितिमा ३३ प्रतिशत महिला र समावेशी सहभागिता सुनिश्चित भएको छ ।

ट) गरिव असहाय र विपन्न परिवारलाई जस्ता पाता वितरण गरी फुसको छाना मुक्त अभियान संचालन गरीएको छ ।

## २.१.२.. लैससास क्षेत्रमा कमजोर पक्ष तथा सुधार गर्नु पर्ने पक्षहरु

क) लक्षित बर्ग, समुदाय पहिचान हुने गरी खण्डिकृत तथ्यांक संकलन र अद्याबधिक गर्नपर्ने ।

ख) लक्षित बर्ग समूहका लागि बार्षिक योजनामा निश्चित प्रतिशत बजेट बिनियोजनका लागि कार्यबिधि बनाई लागु गर्नुपर्ने ।

ग) योजना तर्जुमा चरणमा लक्षित समूहको अनिवार्य र अर्थपुर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने ।

घ) बाल बिबाह न्यूनिकरण अभियानलाई निरन्तर र ब्यापक बनाउनु पर्ने ।

ङ) लैङ्गिक हिंसा र घरेलु हिंसा न्यूनिकरणका लागि जथाभावी मदिरा बिक्री बितरण तथा सेवन कार्यलाई नियमनका लागि कर्यबिधि बनाई लागु गर्नुपर्ने ।

च) लैङ्गिक बिभेद, छुवाछुत, घरेलु हिंसा, लैङ्गिक हिंसा, बोक्सी प्रथा, गलत सामाजिक अभ्यास र बिभेदकारी सामाजिक प्रचलन न्यूनिकरणका लागि जनचेतनामूलक योजना तथा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।

छ) महिला, दलित, अतिबिपन्न लगायत पछाडी परेका बर्ग समुदायका लागि आर्थिक शसक्तिकरण तथा जिविकोपार्जनमा सुधारका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने ।

ज) नेतृत्व तहमा लैङ्गिक तथा समावेशी सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गरी अवसरमा पहुँच सुनिश्चित गर्ने नीति तथा कार्यक्रम हुनुपर्ने ।

झ) शिक्षा र स्वास्थ्यमा सबै बर्ग समुदायको सहज पहुँच सुनिश्चितता सम्बन्धी योजना तथा कार्यक्रम संचालन गरिनुपर्ने ।

## २.१.३. अवसर :

क) लैससास सम्बन्धी केन्द्रीय नीति तथा कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरि लागु गर्न सकिने ।

ख) गाउँपालिकामा आर्थिक सामाजिक र राजनैतिक रुपले बिपन्न तथा बञ्चित समूहहरु रहेकोले उनीहरुलाई बिकासको मूलप्रवाहमा ल्याउन आवश्यक नीति तथा कार्यबिधि बनाई कार्यक्रम गर्न सकिने ।

ग) लैङ्गिक बिभेद, सामाजिक असमानता, घरेलु हिंसा, लैङ्गिक हिंसा, बाल बिबाह लगायत गलत सामाजिक अभ्यास र प्रचलनहरु कायमै रहेकोले यस बिरुद्ध नियमनकारी तथा निरोधात्मक उपायहरु अबलम्वन गर्न सकिने ।

घ) लैससासमैत्री शासन प्रणालीको बिकासका लागि स्थानीय जनप्रतिनिधीहरु सकारात्मक रहेकोले लैससासमैत्री बिकास सम्बन्धी नीति तथा कार्यबिधि बनाई कार्यान्वयन गर्न सहज हुने ।

ङ) यस गाउँपालिकामा लैससासको क्षेत्रमा बिभिन्न गैर सरकारी संघसंस्थाहरु क्रियाशिल भैरहेको सन्दर्भमा यि संस्थाहरुबाट नीति निर्माण तर्जुमाका साथै कार्यान्वयन तहमा समन्वय र सहकार्य गर्ने अवशर रहेको छ ।

**२.१.४. चुनौती :**

क) घर-परिवार लगायत समुदाय तहका सामाजिक अनौपचारिक संयन्त्रहरू देखि सार्वजनिक औपचारिक निकायहरुमा कायम रहेको लैङ्गिक बिभेद तथा असमानता ।

ख) समाजमा रहिरहेका

जातीय छुवाछुत, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, बहु बिबाह, बोक्सी प्रथा जस्ता गलत सामाजिक अभ्यासहरु ।

ग) संघिय सरकारले तय गरेका लैससास सम्वन्धी नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रावधानहरुको समयमै स्थानीयकरण गरी प्रभावकारी कार्यान्वयन ।

घ) स्थानिय विकासको मूलप्रवाहमा लक्षित बर्ग, समुदायको पहुँच सुनिश्चितता गर्न ।

ङ ) गाउँपालिकाको खण्डीकृत तथ्याङ्कको नियमित अभिलेखीकरण, अद्यावधिक तथा व्यवस्थापन (लक्षितवर्ग, विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क संकलन तथा अद्यावधीक) गर्न ।

च) बञ्चित तथा पछाडी परेका समूहहरुको बिकास सम्बन्धी छुट्टै नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन ।

छ) नेतृत्व तह एवं निर्णायक भूमिकामा महिला तथा बञ्चित समूहको समावेशी सहभागिताको सुनिश्चितता ।

ज) लैङ्गिक उत्तरदायी योजना तथा बजेटको सुनिश्चितता र प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था ।

झ) स्थानीय स्रोतको सिमितता ।

ञ) योजना निर्माण प्रक्रियामा लक्षित समूहको अर्थपूर्ण सहभागिता ।

### २.२.. माण्डवी गाउँपालिकाको लैससास नीति निर्माणको औचित्यता :

समुदाय तहमा रहेका बिभेदकारी मुल्य मान्यताहरु परिवर्तन नभएसम्म संबिधानद्धारा प्रदान गरिएको समानताको हक पुरा हुन सक्दैन । लैससास नीति अनुरुप गाउँपालिकाले बनाउने हरेक रणनीति, कार्य योजना र कार्यक्रमबाट नै ब्यक्ति, परिवार र समाजको सोच र ब्यवहारमा सकारात्मक परिवर्तन ल्याई विकासको मूलप्रवाहमा समावेश गर्न सकिन्छ भन्ने मान्यता राखएको छ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट गरेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा जारी गरिएका राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु स्थानीयकरण गर्नका लागि स्थानीय सवाल तथा आवश्यकतामा आधारीत रही माण्डवी गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरी लागु गरेको छ । लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छ ।

क) राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधानहरुलाई स्थानीयकरण गरी लैङ्गिक तथा समावेशीमैत्री शासन पद्दतिलाई संस्थागत गर्न यस नीतिले मूल नीतिको रुपमा मार्गनिर्देश गर्ने छ ।

ख) हानीकारक गलत सामाजिक अभ्यास, लैङ्गिक बिभेद, सामाजिक असमानता, घरेलु तथा लैङ्गिक हिंसा, जातीय छुवाछुत जस्ता कुरीति र कुप्रथा अन्त्य गरी हिंसा रहित आत्मसम्मानपुर्ण जीवनयापन गर्न सक्ने वातावरण तयार गर्दछ ।

ग) निरोधात्मक तथा नियमनकारी उपायहरु अवलम्बन गरी लैङ्गिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको न्यायपूर्ण समाजको निर्माण तर्फ अग्रसर हुन सबै सरोकावालाहरुलाई अभिप्रेरित गर्ने वातावरण तयार गर्दछ ।

घ) खण्डिकृत तथ्यांक सहित लक्षित समूहको आवश्यकता र मागका आधारमा योजना प्राथमिकीकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्ने आधार तय गर्दछ ।

ङ) लैससससाको अबधारणगत बुझाईमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा विकास गरी लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन तथ लैससासमैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरित गर्दछ ।

## परिच्छेद ३ नीतिको दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यहरु र मुल्य मान्यता

### ३.१. परिकल्पना :

लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समुन्नत र समृद्ध माण्डबी गाउँपालिका ।

### ३..२. लक्ष्य

आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा लक्षित समूहहरुको अर्थपुर्ण सहभागिता सहित लैङ्गिक तथा समावेशी पहुँच सुनिश्चित गरी सारभुत समानता कायम गर्ने ।

### ३.३. उद्देश्यहरु :

३.३.१) पितृसतात्मक सामाजिक सोच, लैङ्गिक बिभेद, सामाजिक असमानता, लैङ्गिक तथा घरेलु हिंसा, बाल हिंसा र बाल बिबाह जस्ता गलत सामाजिक अभ्यास बिरुद्ध निरोधात्मक अभियान तथा नियमनकारी व्यवस्था मार्फत न्यायमा पहुँच अभिबृद्धि गर्ने ।

३.३.२.) लक्षित समूहहरुको राजनैतिक, आर्थिक र सामाजिक शसक्तिकरण मार्फत सार्वजनिक स्रोत, साधन, अवसर तथा लाभको उपयोगमा समावेशी पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।

३.३.३) शुसासनमा आधारित न्यायोचित बितरण प्रणाली र लैससास उत्तरदायी बजेट तथा योजना निर्माण कार्यलाई संस्थागत गर्ने ।

३.३.४) स्थानीय महिला, जनजाति, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्गता भएका र वञ्चितिकरणमा परेका व्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिवृद्धि गरी नीति निर्माण एवं निर्णायक तहमा  लैङ्गिक तथा सामाजिक समावेशी पहुँच बृद्धि गर्ने ।

३.३.५ लैससासमैत्री स्थानीय शासन प्रणाली सुनिश्चित गर्न सार्बजनिक, निजी क्षेत्र र नागरीक समाज तथा गैरसरकारी संघ संस्थाहरु बिच निरन्तर समन्वय र सहकार्य गर्ने ।

**३.४. लैससास नीतिको मुल्य मान्यताहरु :**

**(क) .बिकासमा मूलप्रवाहिकरण::**

गाउँपालिका भित्र रहेका बिपन्न एवं पछाडी परेका महिला, एकल महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, दलित, जेष्ठ नागरीक, गरीब लगायत बञ्चितिकरणमा र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरि आर्थिक सामाजिक र राजनैतिक सशक्तिकरण मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा मुलप्रवाहिकरण गरिनेछ ।

(ख) **समान पहिचान र समावेशी प्रतिनिधित्वको सुनिश्चितता :**

**१**) लक्षित वर्ग/समूहलाई श्रोत र साधनमा पहुँच सुनिश्चित गर्न लक्षीत समूहको प्राथमिकिकरण गरी स्थानीय तहको योजना तर्जुमा तथा हरेक निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि क्षमता तथा नेतृत्व विकास र आयआर्जन क्रियाकलाप मार्फत आर्थिक, सामाजिक र राजनितिक सशक्तिकरण गरिनेछ ।

**२**) समाजमा विशेषगरी बालबालिका, जेष्ठ नागरीक, अशक्त तथा अपाङ्गता भएका ब्यक्ति लगायत सबै असहाय ब्यक्ति वा समूहको विकासका लागि वडा तहबाट खण्डिकृत तथ्यांक संकलन तथा अद्याबधिक गरी सामाजिक सुरक्षा तथा संरक्षण लगायत आर्थिक क्रियाकलापहरुमा सक्रिय सहभागिता गराउने ।

**ग) सुन्य सहनशिलता र बिभेदरहित समाज निर्माण :**

- लैङ्गिक हिंसा, घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा जन्य कार्य बिरुद्ध सुन्यसहनशिलताको मान्यता लाई पुर्णतः कार्यान्वयन गर्न सरोकारवाला लगायत लक्षित समूहको क्षमता विकास र जनचेतनामूलक अभियानहरुलाई ब्यापक बनाउने ।
- कुनै पनि प्रकारको हिंसाबाट पिडीत तथा प्रभावितहरुलाई न्यायमा पहुँच बढाउन सुरक्षित संरक्षण प्रणालीको ब्यवस्थापन गर्ने ।
- बालिका तथा किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी सीप प्रदान गरी हिंसा बिरुद्ध प्रतिकारात्मक क्षमता विकास गर्ने ।
- लैङ्गिक बिभेद, जातीय बिभेद, उमेर समूहका आधारमा गरिने बिभेद लगायत कानुनले निषेध गरिसकेको अवस्थामा पनि समाजमा प्रचलित बोक्सी प्रथा, बाल बिबाह, बहु बिबाह जस्ता गलत सामाजिक अभ्यास बिरुद्ध जनचेतनाका लागि सामाजिक अभियान र प्रतिकारात्मक क्षमता अभिबृद्धिका लागि अभियान संचालन गर्ने ।
- बिभिन्न समयमा आउने बिपद् तथा महामारी र कोभिड-१९ महामारीको संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक तथा घरेलु हिंसा र बाल हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गर्ने ।

**(घ) समन्वय, सहकार्य र साझेदारी**

लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, लगायत जिल्ला तह र स्थानीय तहमा क्रियाशिल सम्बन्धीत सरकारी तथा गैरसरकारी र नीजि क्षेत्र, नागरिक समाज, स्थानीय समूह लगायतका सरोकारवाला निकायहरु संग आवश्यकता अनुसार समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

**(घ) अनुगमन तथा मूल्यांकनः**

गाउँपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन प्रणालीको ब्यवस्था गरी संस्थागत गर्दै लगिनेछ ।

## परिच्छेद ४. प्रमुख नीति तथा रणनीति र कार्यनीतिहरु

### ४.१. प्रमुख नीतिहरु :

माण्डबी गाउँपालिकाको लैससास नीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दीर्घकालिन योजना र उपलब्धीहरुलाई संस्थागत गरी महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्ग, जेष्ठनागरीक, दलित, विपन्न एंव वञ्चित वर्ग समुदायले सामना गर्नु परेका बिद्यमान समस्याहरु, लैङ्गिक बिभेद र सामाजिक

असमानतालाई प्रभावकारी ढंगले सम्वोधन गरिनेछ । लैंङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चितता गर्ने परिकल्पनालाई साकार पार्न माण्डबी गाउँपालिकाले लैससास सम्बन्धी प्रमुख नीतिहरु तय गरी लागु गरेको छ :

१) गाउँपालिकामा बिद्यमान लैङ्गिक बिभेद, सामाजिक असमानता, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा, बाल बिबाह जस्ता हानीकारक गलत सामाजिक अभ्यास र कुरीति बिरुद्ध निरोधात्मक एवं नियमनकारी प्राबधान अवलम्बन गर्ने ।

२) सार्बजनिक स्रोत, साधन, अवसर र लाभ उपयोगमा लक्षीत समूहको समान पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।

३) लैङ्गिक समानता तथा समाजिक समावेशीमैत्री शासन प्रणाली र संयन्त्रको व्यवस्थापन गरी परिचालन गर्ने ।

४) बञ्चितिकरणमा परेका व्यक्ति, समुदायको आर्थिक, सामाजिक सशक्तिकरण गरी जिविकोपार्जनमा सुधार गर्ने ।

५) नीति निर्माण तथा नेतृत्व तहमा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

## ४.२. लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि लैससासमैत्री संस्थागत संयन्त्रको विकास, लैङ्गिक संवेदनशिल शासन प्रणाली र कुशल सेवा प्रवाहको आवश्यकता पर्दछ । स्थानीय तहको विकास क्रममा लैङ्गिक तथा समावेशी सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न नीतिगत व्यवस्था गरिएको छ । लैससास नीतिले निर्दिष्ट गरेका प्रमुख नीतिलाई पुर्ण रुपले अवलम्वन गर्न विभिन्न रणनीति तथा कार्यनीतिहरु तय गरिएको छ । प्रमुख नीतिमा आधारित रणनीति तथा कार्यनीतिहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **रणनीति** | कार्यनीति |
| नीति १) गाउँपालिकामा बिद्यमान लैङ्गिक बिभेद, सामाजिक असमानता, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा, बाल बिबाह जस्ता हानीकारक गलत सामाजिक अभ्यास र कुरीति बिरुद्ध निरोधात्मक एवं नियमनकारी प्रावधान अवलम्वन गर्ने । | |
| **रणनीति १.** गाउँपालिकाको बिद्यमान नीति तथा कानुनहरुको समिक्षा गरी सुधारोन्मुख अभ्यासद्वारा लैङ्गिक तथा सामाजिक विभेदयुक्त संरचनाहरुमा सुधार गर्ने | १) गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिहरुको अध्ययन तथा समिक्षा गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।<br>२) सम्वन्धित लक्षित वर्गको सहभागीता सुश्चित गरी लैससास नीतिले निर्दिष्ट गरेका रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास |

| | |
|---|---|
| | कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाइ लागु गर्ने ।<br>३) गाउँपालिकाको निर्णायक तहमा महिला, एकल महिला, दलित, जनजाती, अपांगता भएका व्यक्ति, अति बिपन्न लगायत बञ्चित बर्ग, समुदायको प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता बढाउन क्षमता विकास कार्ययोजन बनाई लागु गर्ने<br>४) लैङ्गिक बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, सामाजिक असमानता र बाल विवाह बिरुद्ध समुदाय तहमा निरन्तर जनचेतना मूलक अभियान संचालन गर्ने ।<br>५) गाउँपालिकाले सबै वडा तहसम्म लैससास नीतिको प्रभावकारी कार्यान्वयन गर्न जनप्रतिनिधी र कर्मचारीहरुलाइ अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।<br>६) गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास नीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।<br>७) नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैङ्गिक समानता र समावेशी प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास तथा सचेतिकरणका अभियान संचालन गर्ने ।<br>८) बैदेशिक रोजगारीमा जाने महिलाहरुलाई हुनसक्ने यौनजन्य हिंसा दुर्व्यवहार तथा अन्य जोखिमबाट बचाउन जनचेतना, पुनःस्थापना र संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>९) गाउँपालिकाद्धारा स्थानीय कानुन, नीति तथा कार्यबिधि निर्माण गर्दा लक्षित समूहको अनिवार्य सहभागिता सुनिश्चित गर्ने । |
| रणनीति २.<br>लैङ्गिक बिभेदमा आधारित हिंसा तथा दुर्व्यवहार बिरुद्ध निरोधात्मक तथा संरक्षणकारी व्यवस्था अवलम्बन गरी न्यायमा पहुँच बढाउने । | १) लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध शुन्य सहनशिलता अवलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने,<br>२) गाउँपालिकाको सबै संयन्त्र र यस क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघ संस्थाहरुमा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्न कार्यबिधि बनाई लागु गर्ने गर्ने ।<br>३) हिंसा पिडित महिला, किशोरी तथा बालिकाहरुको संरक्षणका लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने ।<br>४) लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा तथा यौनजन्य दुर्व्यवहार, जातीय बिभेद वा छुवाछुत, र गतल सामाजिक अभ्यास तथा हानिकारक मुल्य मान्यता बिरुद्ध व्यापक सचेतनामूलक अभियान संचालन गरी हिंसा वा दुर्व्यवहार बिरुद्ध वकालत तथा प्रतिकारात्मक क्षमता अभिबृद्धि गर्ने । |

| | |
|---|---|
| | ५) गाउँपालिकामा कार्यरत कर्मचारीहरुको कार्य विवरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा संवेदनशिलता अपनाउनु पर्ने विषयहरु समावेश गर्ने ।<br>६) गाउँपालिकामा कार्यरत महिला वा लैङ्गक तथा योनिक अल्पसंख्यक जनप्रतिनिधी एबं कर्मचारीहरुका लागि लैङ्गिकमैत्री कार्यस्थल तथा कार्य वातावरण निर्माण गर्ने ।<br>७) गाउँपालिकाका कर्मचारीहरुलाई लैससास नीतिमा उल्लेखित प्रावधानहरुको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।<br>८) सार्वजनिक स्थान तथा कार्यस्थालमा हुने यौनजन्य दुर्व्यवहार र हिंसा बिरुद्ध कानुनी प्रावधान बारे जनचेतनामूलक अभियान मार्फत व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।<br>९) लैङ्गिक बिभेदमा आधारित हिंसा, जातीय बिभेद तथा छुवाछुत, र सामाजिक असमानता बिरुद्ध सामाजिक अभियानहरुमा स्थानीय तहमा क्रियाशिल सबै सरोकारवाला निकायहरु वीच समन्वय र सहकार्य गर्ने ।<br>१०) प्राकृतिक बिपद्, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडीत महिला, बालबालिका र जेष्ठनागरीकहरुको संरक्षण तथा पुनर्स्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।<br>११) यस पालिका भित्र बसोवास गर्ने कुनै पनि नागरीक बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायहरुमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि हुने हिंसा, दुर्व्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा पुनर्स्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।<br>११) किशोरी तथा बालिकाहरुलाईदुर्न्यबहार तथा हिंसा बिरुद्ध प्रतिकारात्मक क्षमता बृद्धि गर्न बिद्यालय तहमा आत्मरक्षा सम्बन्धी सिप बिकास तालीम संचालन गर्ने । |
| नीति २) सार्बजनिक स्रोत, साधन, अवसर र लाभ उपयोगमा लक्षित समूहको समावेशी पहुँच र नियन्त्रण सुनिश्चित गर्ने । | |
| **रणनीति १** सुशासनमा आधारित न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने । | १) वडा तहमा खण्डिकृत तथ्यांक नियमित अद्यावधिक गरी लक्षित समूह पहिचान र प्राथमिकीकरणका आधारमा योजना निर्माण तथा सेवा प्रवाह गर्ने ।<br>२) स्थानीय योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको सहभागिता |

| | |
|---|---|
| | सुनिश्चित गर्ने ।<br>३) लक्षित बर्ग समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तथा कार्यक्रमको लागि गाउँपालिकाको बिकास बजेटको न्यूनतम १० प्रतिशत बजेट सुनिश्चित गर्ने ।<br>४) मागमा आधारीत योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई सहभागितामूलक कार्यान्वयन पद्दती अवलम्बन गर्ने ।<br>५) लैङ्गिक तथा समाबेशीमैत्री सुचना प्रणालीको विकास गरी सार्वजनिक सरोकारका बिषयहरुमा लक्षित समूहको पहुँच सुनिश्चित गर्ने ।<br>६) गाउँपालिकाको नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता अनिवार्य गरी उनीहरुका लागि संचालित योजना तथा बजेटको बारेमा सार्वजनिक गर्ने । |
| ३) लैङ्गिक समानता तथा सामाजिक समावेशी संवेदनशिल शासन प्रणाली व्यवस्थापन गरी परिचालन गर्ने । | |
| **रणनीति १.** लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री संस्थागत संयन्त्रलाई सुदृढ गर्ने । | १) गाउँपालिकाको नियमित सेवा प्रवाहलाई लैससासमैत्री, अपाङ्गमैत्री, बालमैत्री र जेष्ठ नागरीकमैत्री बनाउने ।<br>२) गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गरी परिचालन गर्ने ।<br>३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्न लैससास सम्पर्क व्यक्ति नियुक्त गरी परिचालन गर्ने ।<br>४) गाउँपालिका तथा वडा कार्यालय र गाउँपालिका क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैङ्गिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्थापन गर्ने र गर्न लगाउने ।<br>५) गाउँपालिका र यसक्षेत्र अन्तर्गतका सरकारी, गैरसरकारी संस्था एवं निजीक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको नियमित लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण (GESI Audit) गर्ने, गराउने ।<br>६) गाउँपालिका लगायत यसक्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाहरुबाट संचालित योजना तथा कार्यक्रमहरुको वार्षिक सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।<br>७) लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र संवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने गराउने ।<br>८) लैससास नीति कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र अन्तर्गतका अन्य सेवाप्रदायक निकायहरु र स्थानीय जनता वीच पारस्परिक कार्यगत सौहार्दपुर्ण सम्बन्ध विस्तार गर्ने ।<br>९) गाउँपालिकाका सबै वडाहरुका सामान्यतया १५ भन्दा बढी घरधुरी |

| | |
|---|---|
| | भएका समुदायमा महिला, वञ्चित तथा दलित वर्गको लैङ्गिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल बिकास संस्था गठन गरी परिचालन गर्ने ।<br>१०) गाउँपालिकामा महिला, बालबालिका अपाङ्ग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल निर्माण गरी परिचालन गर्ने । |
| ४) विपन्न तथा आर्थिक रुपले पछाडी परेका ब्यक्ति, समुदायको आर्थिक सशक्तिकरण गरी जिविकोपार्जनमा सुधार ल्याउने । | |
| **रणनीति १.**<br>उद्यमशिलता बिकास मार्फत रोजगारका अवसरमा लैङ्गिक तथा समावेशी पहुँच सुनिश्चित गर्ने । | १) गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, बिपन्न लगायत वञ्चित समुदायलाई उद्यमशिलता क्षमता विकास कार्यक्रम मार्फत स्वरोजगारका अवसरमा पहुँच बृद्धि गर्ने ।<br>२) एक वडा एक सहकारी र एक सहकारी एक उत्पादन कार्यक्रम सम्बन्धी योजना तथा प्रावधान बनाई लागु गर्ने ।<br>३) सबै वडामा महिला, दलित, अपाङ्गता भएका व्यक्ति लगायत अन्य बञ्चित व्यक्तिलाई लक्षित गरी कृषि तथा पशुसेवामा आधारीत प्राविधिक जनशक्ति तयार गर्ने ।<br>४) लक्षित ब्यक्ति समुदायको स्थानिय तहमा रोजगारीका अवसरमा सहभागिता बढाउन गाउँपालिकाको कर्मचारी भर्ना सम्बन्धी करार नीति तथा कार्यबिधिमा सकारात्मक बिभेदको प्राबधान सुनिश्चित गर्ने ।<br>५) गाउँपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित समुदायको जिविकोपार्जनमा सुधार ल्याउन परम्परागत पेशाको परिमार्जन तथा पुनःस्थापना र सुधार गर्ने ।<br>६) विपन्न एबं बञ्चित समुदायको आर्थिक सशक्तिकरण सम्बन्धी वार्षिक योजना तथा कार्यक्रम र बजेट सुनिश्चित गर्ने ।<br>७) महिलाहरुको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन गृहणी महिला प्रोत्साहन तथा स्वरोजगार कार्यक्रम संचालन गर्ने । |
| ५) स्थानीय तहका हरेक संरचनाको निर्णायक वा नीति निर्माण तहमा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चितता सम्बन्धी नीतिगत व्यवस्था लागु गर्ने । | |
| **रणनीति १**<br>महिला, एकल महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति लगायत बञ्चित | १) गाउँपालिकाको योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकास सम्बन्धी बार्षिक कार्ययोजना बनाई कार्यक्रम संचालन गर्ने ।<br>२) गाउँपालिकाको नीति निर्माण तहमा लैङ्गिक तथा समावेशी |

| | |
|---|---|
| व्यक्ति समुदायको नेतृत्व क्षमता अभिबृद्धि गरी निर्णायक तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने । | सहभागिता बृद्धिका लागि नेतृत्व सिप तथा नेतृत्व क्षमता विकास सम्बन्धी बार्षिक योजना तथा बजेट बिनियोजन गरी कार्यक्रम संचालन गर्ने ।<br>३) गाउँपालिकामा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व विकास क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गर्ने,<br>४) समुदाय तहका महिला, दलित, अपाङ्ग लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व तहमा पहुँच बढाउन गाउँपालिका तहका हरेक संरचनाहरुमा समाबेशी सहभागिताको प्राबधान बनाई लागु गर्ने ।<br>५) गाउँपालिकामा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरु र टोल समुहका कार्यकारी समितिहरुमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने गराउने ।<br>६) उपभोक्ता समितिको निर्णायक पदहरु मध्ये कुनै एक पदमा अनिवार्य एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।<br>७) गाउँपालिका तहमा गठन भएका लक्षित बर्ग समुदायका सञ्जाललाई सहजीकरण मार्फत नेतृत्व क्षमता विकास गरी योजना तर्जुमा चरणमा सक्रिय सहभागिता बृद्धि गर्ने ।<br>८) लक्षित बर्ग समुदायको सवाल पहिचान गरी योजना माग गर्न सक्ने क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>९)लक्षित समुह केन्द्रित नीति, कार्यनीति र कार्यविधि वनाउदा सम्वन्धित लक्षित वर्गको सहभागीता गराउने । |

## परिच्छेद ५ लैससास नीति कार्यान्वयन पद्दती तथा अनुगमन प्रणाली

### ५.१. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन पद्दती

लैससास नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री शासन पद्दती, सेवा प्रवाह र कार्यप्रणालीको विकास सम्भव छ । लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको जनप्रतिनिधी, कार्यरत सबै कर्मचारीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा उल्लेखित प्रावधान र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै सरकारी निकाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय, निजी क्षेत्र र स्थानीय समुदायलाई लैससास नीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित तथा निर्देशन गरिनेछ ।

गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोत र लाभ प्राप्तीमा समानुपातिक पहुँच सुनिश्चित गर्न लैससास नीतिले मार्गनिर्देश गरेको छ । लैससास नीतिको प्रभावकारी कार्यान्वयन गर्न संस्थागत संयन्त्र निर्माण गरी व्यवस्थापनका लागि मानव स्रोतको क्षमता विकास गरिनेछ । त्यसैगरी गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुलाई लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बीच नियमित समन्वय तथा साझेदारी र क्षमता विकास मार्फत अभिप्रेरित गरिनेछ ।

### ५.१.१. लैससास नीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

गाउँपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैससासमैत्री बनाइनेछ । लैससास नीतिको कार्यान्वयन सम्बन्धी सीपको विकास गर्न क्षमता विकास कार्याक्रमलाई प्राथमिकता दिइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गर्ने ।

ख) लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन, समन्वय र अनुगमन गर्न गाउँपालिका र वडास्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैससास शाखा चलायमानका लागि लैससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी निजको कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) गाउँपालिकामा कार्यरत महिला कर्मचारी र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीलाई सहजताका लागि लैङ्गिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकासका कार्यमा क्रियाशिल बनाउने ।

ज) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोत र अवसर एबं लाभ बितरणमा महिला, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु लगायत पछाडि पारिएका व्यक्ति, समुदायको पहुँच बृद्धिका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने ।

झ) मार्फत खडिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित र क्रियाशिल बनाउन सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गर्ने ।

ञ) गाउँपालिका लगायत सार्बजनिक निकायहरुमा लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रवाह सम्बन्धी निर्देशिका बनाई  लागु गर्ने ।

ट) हिंसा पिडीत तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि पुनस्थापना तथा अल्पकालिन सेवा केन्द्र साथै जेष्ठ नागरीकहरुको लागि मिलन केन्द्र र बालबालिकाहरुको लागि बाल गृह लगायतका बैकल्पीक हेरचाहको व्यवस्था सुनिश्चित गर्ने ।

ठ) अपाङ्गता भएका बालबालिकाको शैक्षिक बिकासका लागि शिक्षण सिकाई स्रोत केन्द्रहरुको ब्यबस्थापन गर्ने ।

### ५.१.२. गाउँपालिका लगायत सरोकारवालाहरुको कार्यभूमिका निर्धारण

लैससास नीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लगायत यस क्षेत्रभित्रका सबै सरेकारवाला निकायले दायित्व बोध गर्नु जरुरी छ । लैससास नीतिले माण्डबी गाउँपालिका लगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिकाहरु निर्धारण गरी जिम्मेवारी तोकेको छ । लैससास नीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ। लैससास नीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ।

| जिम्मेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| माण्डवी गाउँकार्यपालिका | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति तथा कानुनहरुको समिक्षा र पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुनहरु र अन्तराष्ट्रिय कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने<br>▪ लैससास उत्तरदायी योजना तथा बजेट अनिवार्य बिनियोजन गर्ने ।<br>▪ लैससास सम्बन्धी आचार संहिता बनाई लागु गर्ने गराउने ।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br>▪ वडा तथा टोल बस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न निर्देशन गर्ने ।<br>▪ गाउँपालिका र यस क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका |

| | |
|---|---|
| | लागि स्पष्ट निर्देशन दिने ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई र लैङ्गिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैससास निर्देशन तथा अनुगमन समिति गठन गरी नियमित अनुगमन तथा सुपरिबेक्षण गरी लैससासमैत्री शासन पद्दती सुदृढ गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैससास शाखामा लैससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br>▪ लैससासमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई कार्यान्वयन गर्न निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रवाहका लागि क्षमता बिकासका कार्यक्रम संचालन गर्न सरोकारवाला बिच समन्वय तथा सहकार्य गर्ने ।<br>▪ लैङ्गिक बिभेद, सामाजिक असमानता तथा गलत सामाजिक अभ्यस र हिंसा बिरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्न र प्रतिकारात्मक क्षमता बिकास गर्न जनचेतनामूलक अभियान संचालन सम्बन्धी योजना तथा बजेट बिनियोजन गर्ने र कार्यान्वयन तहमा समन्य र सहकार्य गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा पिडीत महिला तथा किशोरीको संरक्षणका लागि अल्पकालीन सेवा केन्द्र, बिशेष हेरचाहको आवश्यकता भएका बालबालिकाका लागि बैकल्पीक हेरचाह केन्द्र र असहाय वा बिशेष संरक्षणको आवश्यकता भएका जेष्ठ नागरीकको संरक्षणका लागि मिलन केन्द्र वा आवसीय सेवा केन्द्र व्यवस्थापन गरी संरक्षण प्रदान गर्न कार्यायोजना बनाई लागु गर्ने ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि भएका नीतिगत र कानुनी सुधारका उपयोगिता र प्रभाकारिता मूल्याङ्कन गरी आवश्यकता अनुसार सुधार गर्ने गर्ने । |
| वडा कार्यालय | ▪ गाउँपालिकाबाट जारी गरिएका नीति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।<br>▪ टोल, बस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा कार्यक्रम निर्माण प्रति सम्वेदनशिलता अपनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा चरणमा महिला, दलित, जनजाती, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपाङ्ग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग, समुदायको सहभागिता सुनिश्चित |

| | |
|---|---|
| | गर्ने । <br> ▪ सार्वजनिक स्रोत र लाभमा लैङ्गिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचित बितरण प्रणाली अवलम्वन गर्ने । <br> ▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने । <br> ▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र विश्लेषण गरी गाउँपालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । <br> ▪ लैङ्गिक बिभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह, बहु बिबाह, सामाजिक असमानता तथा गलत समाजिक अभ्यास बिरुद्ध जनचेतनामूलक अभियानका लागि योजना तथा बजेट बिनियोजन गरी कार्यान्वयन तहमा सरोकारवाला बिच समन्वय र सहकार्य गर्ने । <br> ▪ लक्षित बर्ग, समुदायका सवाल पहिचान गरी सम्बोधनका लागि योजना बनाई कार्यान्वयन गर्ने । <br> ▪ लैससासमैत्री सेवा प्रबाह र कार्यब्यबहार अवलम्वन गर्ने, गराउने । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरणका सम्बन्धमा नीति तथा कानुनहरु पुनरावलोकन गर्न गाउँकार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने । <br> ▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने । <br> ▪ योजना, कार्यक्रम तथा बजेट लैससासमैत्री भए नभएको एकिन गर्न लैङ्गिक र सामाजिक समावेशीकरणका सूचकहरु समावेश गरिएको खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने । <br> ▪ गाउँपालिका सबै जनप्रतिनिधी, कर्मचारी र सरोकारवालाको लैससास सम्बन्धी क्षमता विकास कार्यक्रमको योजना बनाई माग गर्ने । <br> ▪ लैङ्गिक सवेदनशिल कार्य प्रणाली, कार्य ब्यवहार र सेवा प्रवाह अवलम्वन गर्न सहजीकरण गर्ने । <br> ▪ लैङ्गिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैङ्गिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एवं उजुरीहरु सम्बोधनका लागि |

| | |
|---|---|
| | गाउँकार्यपालिकासंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको सूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ गाउँपालिकालाई लैङ्गिक हिंसामुक्त बनाउन र लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार बिरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारहरूसंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाको लैससास उत्तरदायी योजना तथा बजेट निर्माण र नियमित रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई संस्थागत गर्न सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, बालबालिका, दलित, अपाङ्ग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जाल गठन गर्न कार्य योजना बनाई गाउँकार्यपालिकामा जानकारी गराउने ।<br>▪ लक्षित बर्ग समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।<br>▪ लैङ्गिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाहरुको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने ।<br>▪ बिशेष हेरचाहको आवश्यकता भएका बालबालिका र जेष्ठ नागरीकको संरक्षणका लागि बैकल्पीक हेरचाहको व्यवस्था सुनिश्चित गर्न गाउँकार्यपालिकामा कार्ययोजना बनाई माग गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय निर्माण, अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई लागु गर्न सहयोग तथा सहजीकरण गर्ने । |

| | |
|---|---|
| लैससास सम्पर्क व्यक्ति | ▪ लैङ्गिक समानता तथा सामाजिक समावेशी शाखाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने ।<br>▪ सरोकारवाला समुदाय तथा लक्षित समुहका गुनासाहरु सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट तथा योजना विनियोजन गर्न र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोल बस्तीहरुसंग समन्वय एवं सहजीकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद र हिंसा बिरुद्ध सुन्य सहनशिलता अवलम्बन गर्न कानुनी प्राधान बारे सचेतनामूलक अभियान तथा क्षमता बिकासका कार्यक्रम संचालन गर्न माग गर्ने ।<br>▪ समुदायमा बिद्यमान लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानिकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यासहरु बिरुद्ध अभियान र्काक्रम संचालन गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजनका लागि टोल बस्ती तथा बडाहरु र गाउँपालिकामा समन्वय र सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैससासमैत्री कार्य व्यवहार र सम्वेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीहरुका लागि स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय निर्माण, अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई लागु गर्न नियमित पहल तथा वकालत गर्ने ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः लैससासमैत्री बोलीचालीको शब्द चयन वा भाषा वा शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| स्वास्थ्य शाखा तथा स्वास्थ्य कार्यालयहरु | ▪ महिला, बालबालिका तथा पछाडी परेका ब्यक्ति वा समुदाय र हिंसा पिडीतका लागि लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा तथा सुविधा |

| | |
|---|---|
| | उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने ।<br>▪ लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा संवेदनशिलता अपनाउन सहजीकरण तथा निर्देशन गर्ने ।<br>▪ हरेक वडामा स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि निर्देशन गर्ने ।<br>▪ गर्भजाँच र पुर्ण खोपलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>▪ सबै वडामा सुरक्षित प्रसुती गृह निर्माण र सुरक्षित सुत्केरी सामाग्री र दक्ष मानव स्रोत ब्यवस्थापन गर्न योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ घरमा सुत्केरी गराउने संख्या सुन्यमा झार्न (Zero Home Delivery) संस्थागत ब्यवस्थापन साथै आमा समूह र समुदाय तहमा जनचेतनामूलक अभियान संचालन गर्ने ।<br>▪ स्वास्थ्य संस्थामा आउने सुवाग्राहीहरुलाई सेवा प्रबाह सहज र लैससासमैत्रीबनाउने । |
| शिक्षा शाखा तथा शिक्षण संस्थाहरु | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडीत वा प्रभावित र असहाय बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आवश्यक शैक्षिक सामाग्री सहित विद्यालय पोशाक र दिवा खाजाको व्यवस्थापन गरी नियमित विद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाहरुले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्ने प्रबृति हटाउनका लागि अति गरिव, असहाय, संरक्षक बिहीन बालबालिकालाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाहरुको लागि लैङ्गिकमैत्री शौचालय र बालमैत्री खानेपानी धाराको व्यवस्थापन गर्ने । |
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा गाउँपालिका क्षेत्र भित्रका महिला, बालबालिका, अपांग, दलित, जनजाती, जेष्ठनागरीक तथा वञ्चित समूह लगायत सबै समुदायहरुको पहुँच बृद्धि गर्न लैङ्गिक समानता |

| | |
|---|---|
| | तथा सामाजिक समावेशी शाखा र लैससास सम्पर्क व्यक्तिसंग दोहोरो सम्बन्ध तथा समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना निर्माण, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिल हुने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा, लैङ्गिक हिंसा, बाल बिबाह र बाल हिंसा बिरुद्धका अभियानमा नियमित समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा वा दुर्व्यवहारको अनुसन्धान कार्य छिटो छरितो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिबाह, लागु औषध दुर्व्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा लैङ्गिकमैत्री तथा बालमैत्री व्यवहार अवलम्वन गर्ने<br>▪ पिडीत वा प्रभावित महिला तथा बालबालिकाको गोपनियता कायम गर्न ध्यान दिने । |
| विकास साझेदारहरु | ▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग तथा सहजीकरण गर्ने ।<br>▪ महिला, दलित, अपाङ्ग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका व्यक्ति, समुदायहरुको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपलिकाबाट जारी गरिएका लैससासमैत्री नीति तथा कानुनहरुको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>▪ लैंससास उत्तरदायी तथा संवेदनशिल योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रणाली अवलम्बन गर्न सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा र बिभिन्न महामारी वा विपद्बाट |

| | |
|---|---|
| | पिडीत तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल हिंसा, बाल बिबाह, सामाजिक बिभेद र हानिकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला सञ्जाल, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपाङ्ग सञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैङ्गिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन तथा गलत सामाजिक अभ्यासको विरुद्ध नियमित वकालत तथा अभियान सम्वन्धि कार्यक्रमहरु माग गर्ने ।<br>▪ बाल बिबाह बिरुद्ध अभियान संचालनका लागि कार्ययोजना बनाई लागु गर्न माग गर्ने र कार्यान्वयन तहमा सक्रिया सहभागिता जनाउने ।<br>▪ लक्षित बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रमहरु र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलहरूको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा ंआवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैङ्गिक हिंसा पिडीत महिला, किशोरीकको लागि अल्पकालिन सेवा केन्द्र, बिशेष हेरचाहको आवश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाह केन्द्र र असहाय एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि दिवा सेवा केन्द्र वा आवासिय सेवाकेन्द्र स्थापना गरी सेवा प्रवाह गर्न माग गर्ने ।<br>▪ स्थानीय तहमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माणका लागि मापदण्ड बनाई लागु गर्न वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य | ▪ निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै जातजाती, लिंग र |

| | |
|---|---|
| संघ, होटल व्यवसायी संघ, यातायात व्यवबसायी संघ, विकास बैंक आदि) | समुदायको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत संस्थागत संयन्त्र बिस्तार गरी सेवा प्रवाह प्रभावकारी बनाउने,<br>▪ महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहकार्य गर्ने ।<br>▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज रुपमा ऋणमा पहुँच तथा अभिमूखिकरण कार्य मार्फत प्रोत्साहन गर्ने ।<br>▪ लक्षित बर्ग समुदायको बिकास र प्रोत्साहनका लागि निजी क्षेत्रको कूल नाफाको निश्चित प्रतिशत रकम सामाजिक विकास क्षेत्रमा बिनियोजन गरी गाउँपालिकासंगको समन्वयमा कार्यान्वयन गर्ने । |
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनको चरणमा वडा एवं बस्तीस्तरका सबै समुदायहरु नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांक संकलन गरी वडा तथा गाउँपालिकामा जानकारी गराउने ।<br>▪ विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आवश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपाङ्ग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएका व्यक्ति, समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैससासमैत्री, बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी बनाउन सम्बन्धित वडा तथा गाउँपालिकामा नियमित वकालत गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यासका विरुद्ध नियमित वकालत गर्ने ।<br>▪ लक्षित व्यक्ति समुदायको सवाल सम्बोधनका लागि सञ्चालित |

| | |
|---|---|
| | अभियानरुपी कार्यक्रममा सक्रिय संलग्नता जनाउने ।<br>▪ विकास निर्माणका कार्यमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

**५.१.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :**

क) गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी लगायत सबै सरोकारवालाहरुलाई लैससास नीति कार्यान्वयन तरिका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी प्रभावकारी कार्यान्वयनका लागि निर्देशन गर्ने ।

ख) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे गाउँपालिकाका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैङ्गिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) लैङ्गिक हिंसा, घरेलु हिंसा, बाल बिबाह बिरुद्ध योजना निर्माण गरी लागु गर्न सरोकारवालाको क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

घ) गाउँपालिकाको सेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १८२०, दीगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

ङ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

च) गाउँपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

छ) लैङ्गिक बिभेद, सामाजिक असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा व्यापक जनचेतना तथा अभियानका कार्यक्रमहरु संचालन गर्ने ।

ज) विकासका हरेक क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

झ) लैससास उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा र वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

### ५.१.४. सरोकारवाला बीच समन्वय एवं साझेदारी :

गाउँपालिकाबाट जारी गरिएको लैससास नीतिमा तोकिए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै सरोकारवाला निकायहरु बीचको समन्वय र साझेदारी अपरिहार्य ठानिएको छ । गाउँपालिकामा महिला, बालबालिका, दलित लगायत सबै लक्षित समूहको क्षेत्रमा क्रियाशिल सबै निकायहरुको योजना तथा कार्यक्रम र बजेट लैससास उत्तरदायी बनाउन र गाउँपालिकाको योजना तर्जुमा चरणमा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवाला वीच समन्वय र सहकार्यको अवधारणा सुनिश्चित गरिएको छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धित सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिकवीच निरन्तर समन्वय र साझेदारी गरिनेछ । सबै सरोकावालाको कार्यभूमिका समेत तोकीएकोले सबै सरोकारवाला बिच समन्वय र सहकार्यमा लैससासमैत्री ब्यवस्था अवलम्वन हुने अपेक्षा गरिएको छ ।

### ५.२. लैससास नीति कार्यान्वयनको अनुगमन प्रणाली :

माण्डबी गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी समय सापेक्ष सुधार गर्न आवश्यक छ । लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा नियमित अनुगमन गरी वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिका तथा यस क्षेत्रका सरोकारवालाबाट संचालित योजना तथा कार्यक्रमको नियमित अनुगमनको अधारमा वार्षिक समिक्षा गरी समितिबाट आएका सुझावहरु समेटी गाउँपालिकाको आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरी लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकिएको छ ।

**१) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख) गाउँपीलकाका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |
| ङ) गाउँपालिकास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| च) सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**२.) लैससास अनुगमन तथा निर्देशन समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) बिभिन्न सरोकारवालाको सहभागितामा वार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैससासमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आवश्यक सुझाव दिने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधकको रुपमा रहेका बिभेदयुक्त संरचनागत अवरोधहरु हटाउने खालका कार्यक्रमहरु संचालन गर्न पहल तथा समन्वय गर्ने ।

च) लैङ्गिक बिभेद, लैङ्गिक हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुर्व्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्दती अवलम्वनका लागि जनप्रतिनिधी, कर्मचारी लगायत सरोकारवालालाई अभिप्रेरीत तथा निर्देशन गर्ने

ज) लैङ्गिक हिंसा, घरेलु हिंसा, लैङ्गिक बिभेद, यौनजन्य दुर्व्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहत, पुनस्थापन र र बैकल्पीक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

झ) लैससास नीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान सम्बन्धी सुझावहरु पेश गर्ने ।

३) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा समितिका सबै सदस्यहरु | सदस्य |
| घ) वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| घ) वडास्तरीय बाल संजालको अध्यक्ष | सदस्य |
| ङ) वडा सचिव | सदस्य सचिव |

**४) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम कर्तव्य र अधिकार**

क) वडातहका योजना तथा बजेट तर्जुमा प्रकृयामा विपन्न तथा बञ्चित वर्ग र महिलाहरुलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भूमिका निभाउने,

३) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आवश्यक सुझाव दिने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितिकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन भए नभएको अनुगमन गरी लैससास उत्तरदायी बनाउन निर्देशन गर्ने ।

## परिच्छेद ६ लैससास नीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

लैससास सम्बन्धी सवाल अन्तरसम्बन्धित बिषय भएको र कुनै एउटा मात्र निकायको पहलमा पुर्णतः अवलम्वन गर्न नसकिने भएकोले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला ब्यक्ति तथा निकायको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउन सक्छ । लैससास नीतिमा रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने निम्न बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| क्र.सं | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाई वा बुझाइमा एकरुपताको अभाव । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणा बारे स्पष्ट पारी समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधानहरु बारे अभिमूखिकरण गर्ने । | |
| २ | सामाजिक विकासका कार्यक्रमले भौतिक विकासका कार्यक्रमले जस्तो समाजमा तत्काल परिणाम देखाउन | ▪ सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु बारेमा जानकारी गराई लैससास विषयलाई प्राथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने । | |

| | | | |
|---|---|---|---|
| | नसकिने हुँदा लैससास विषय स्थानीय सरकारको प्राथमिकताबाट बाहिर रहन सक्ने । | ■ जनप्रतिनिधी र कर्मचारीलाई लैससासको महत्व र अवधारणा बारे जानकारी गराई लैससास उत्तरदायी योजना तथा बजेट तर्जुमा प्रति सम्बेदनशिल बनाउने ।<br>■ नियमित अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने । | |
| ३ | लैससास नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानवस्रोतको कमी हुन सक्ने । | ■ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने<br>■ लैससास अबधारणा र कार्यान्वयन पद्दती बारे क्षमता बिकासका कार्यक्रम संचालन गरी लैससासमैत्री वातावरण सृजना गर्न पहल गर्ने । | |
| ४ | लैससास नीतिमा उल्लेखित प्रावधान कार्यान्वयन गर्न स्रोत साधनको सीमितता । | ■ गाउँपालिकाको स्रोत परिचालनमा न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने ।<br>■ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>■ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थाहरुसंग समन्वय र सहकार्य बृद्धि गर्ने । | |
| ५ | गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव । | ■ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी उक्त परिक्षणबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने गराउने ।<br>■ अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउने । | |
| ६ | टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रम भन्दा पूर्वाधार बिकाससंग सम्बन्धीत योजनाले प्राथमिकता पाउन सक्ने । | ■ लक्षित बर्ग समुदायको अवस्था पहिचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>■ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । | |
| ७ | बिपन्न तथा वन्चितीकरणमा परेका ब्यक्ति, समुदायको जिविकोपर्जनको समस्या कायमै रहनु । | ■ उद्यमशिलता विकास कार्यक्रम मार्फत लक्षित ब्यक्ति, समुदायलाई आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>■ लक्षित व्यक्तिहरुलाई कृषि तथा पशुपालनमा आधारित प्राविधिक सीप तथा तालीमको व्यवस्था गरी प्राबिधिक | |

| | | | |
|---|---|---|---|
| | | जनशक्ति तयार गर्ने ।<br>▪ उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अवसर सृजना गर्ने | |
| ८ | खण्डिकृत तथ्याङ्क तथा सुचनाको अद्यावधीक र सोही आधारमा योजना र कार्यक्रम तर्जुमाको अभाव । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ खण्डिकृत सुचना तथा तथ्यांक बिश्लेषणको आधारमा लक्षित ब्यक्ति समुदायका लागि योजना छनौट गर्ने परिपाटीको बिकास गर्ने । | |
| ९ | स्थानीय स्रोत तथा अवसर र लाभ उपयोगमा लैङ्गिक तथा समावेशी पहुँच कमि । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाउने ।<br>▪ स्थानीय स्रोतको न्यायोचित बितरण प्रणालीको विकास गर्ने । | |

## परिच्छेद ७ कानुनी व्यवस्था तथा पुनरावलोकन

### ७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

माण्डबी गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास नीति कार्यान्वयन कार्यविधि वा निर्देशिका निर्माण गरी लागु गरिनेछ । स्थानीय आवश्यकता अनुसार लैङ्गिक हिंसा तथा बाल बिबाह बिरुद्ध कार्ययोजना वा निर्देशिका समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैङ्गिक समानता, महिलाको हक, बालबालिकाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तर्राष्ट्रिय महासन्धी, घोषणापत्रमा उल्लेखित प्रावधानलाई आधार मानिएको छ ।

### ७.२.नीतिको पुनरावलोकन तथा सुधार

माण्डबी गाउँपालिकाद्वारा जारी गरिएको लैससास नीति २०७८ को उपयोगीता र प्रभावकारीता सम्बन्धमा बार्षिक तथा आबधीक रुपमा नियमित समिक्षा गरिनेछ । लैससास नीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा सुझाव संकलन तथा नियमित समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गर्दै लगिने छ ।